गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
P.O. Box 8867, Hattisar, Kathmandu
Tel 01-4444039, Fax 01-4443414
Email info@goodwill.net.np
Web www.goodwillfinance.com.np
PAN 500046719

चलानी नं. ११३८/८९७८३-८९/०७८/७९

मिति:-२०७८/०९/२९

श्रीमान् कम्पनी रजिष्ट्रारज्यू
कम्पनी रजिष्ट्ररको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं ।

विषय:- सत्ताईसौं वार्षिक साधारण सभाको निणर्य (माइन्युट) पठाएको बारे ।

महोदय,

यस वित्तीय संस्थाको २७ औ वार्षिक साधारण सभा मिति २०७८ साल पौष २९ गते बिहिवार (तदनुसार १३ जनवरी २०२२) मा होटल काउन इम्पेरियल, रबिभवन, काठमाडौंमा विहान ११:३० बजे विद्युतिय माध्यमबाट अभौतिक **(Zoom Meeting)** मार्फत सम्पन्न भएकोले यस वित्तीय संस्थाको सत्ताईसौं वार्षिक साधारण सभाको निर्णय ( माइन्युट) विवरण लेखा परिक्षकको नियुक्ती, तथा आ.ब. २०७७/७८ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण समेत यसै पत्र साथ तहाँको जानकारीका लागि अनुरोध गर्दछु ।

भवदीय,

स्वयम्भू शाक्य
(कम्पनी सचिव)

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक
वित्त कम्पनी सुपरिवेक्षण विभाग,
बालुवाटार, काठमाडौं ।

२. श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

३. श्री नेपाल स्टक एक्स्चेन्ज लि.,
सिंहदरबार प्लाजा, काठमाडौं ।

४. श्री नेपाल धितोपत्र बोर्ड,
गोदावरी रोड, ललितपूर ।

५. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.,
पुतलीसडक, काठमाडौं ।

६. श्री एन आई बि एल एस क्यापिटल लि.,
लाजिम्पाट, काठमाडौं ।

**गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)**
**सत्ताईसौं वार्षिक साधारण सभाको**
**(निर्णय (माईन्युट)**

**साधारण सभा भएको स्थानः**

गुडविल फाइनान्स लिमिटेडको सत्ताईसौं वार्षिक साधारण सभा वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री विश्व प्रकाश साखःज्यूको अध्यक्षतामा मिति २०७८ साल पौष २९ गते बिहिवार (तदनुसार १३ जनवरी २०२२) मा होटल काउन इम्पेरियल, रबिभवन, काठमाडौंमा विहान ११:३० बजे विद्युतिय माध्यमबाट अभौतिक (**Zoom Meeting**) बाट शुरु भई दिनको १२:३० बजे सु-सम्पन्न भयो ।

**साधारण सभाको सुचना :**

यस वित्तीय संस्थाको सत्ताईसौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितको सम्पूर्ण विवरण खुलाई मिति २०७८ साल पौष ७ गते अभियान राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०७८ साल पौष २१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका मार्फत शेयरधनी महानुभावहरुलाई इमेल एवं संस्थाको वेवसाइट www.goodwillfinance.com.np मार्फत जानकारी गराउंदै संचालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र अन्य दस्तावेजहरु समेत प्रत्येक शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगानामा यथा समयमा पठाई सकेकोमा हाल कोभिडको संकमण तीव्र रुपमा वृद्धि भएको कारणबाट श्री नेपाल सरकार तथा श्री नेपाल राष्ट्र बैंकको परिपत्र अनुसार तोकेको मापदण्ड बमोजिम विद्युतिय माध्यमबाट अभौतिक (**Zoom Meeting**) मार्फत सत्ताईसौं वार्षिक साधारण सभा सम्पन्न गर्नको लागि मिति २०७८/०९/२८ राष्ट्रिय दैनिक पत्रिका नागरिक, अभियान र कारोबारमा सार्वजनिक रुपमा सूचना प्रकाशित गरि एस. एम. एस, फेसबुक तथा टेलिफोनबाट समेत पुनः जानकारी गरिएको थियो ।

**ख) छलफलका बिषयहरु :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।
२) लेखा परीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात तथा आ.व. २०७७/०७८ को नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३) लेखा समितिको सिफारिस बमोजिम आ.व. २०७८/७९ को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रामिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्री विदुर एशोसियट्स पुनः नियुक्ती गर्न नमिल्ने) ।
४) संचालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पूँजीको कर सहितको प्रति शेयर नगद लाभाश ३.९% (तीन दशमलब नौ) प्रतिशतका दरले हुने रु. ३,३८,२०,८००।०० (अक्षरेपी तीन करोड अठ्तीस लाख बीस हजार आठ सय रुपैया मात्र) नगद लाभांश वितरण गर्न प्रस्ताव पारित गर्ने ।

**विशेष प्रस्ताव**

१) संचालक समितिले सिफारिस गरे बमोजिम ९.१% (नौ दशमलब एक) प्रतिशतका दरले हुने रु. ७,८९,१५,२००।०० (अक्षरेपी सात करोड उनानब्बे लाख पन्ध्र हजार दुई सय रुपैया मात्र) बोनस शेयर वितरण गर्ने ।
२) वित्तीय संस्थाको जारी तथा चूक्ता पूँजी संशोधन गर्ने ।
३) प्रवन्ध पत्रमा पारित गरिएको संशोधन प्रस्तावमा नियमकारी निकायबाट कुनै फेर बदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
५) विविध

उपस्थिति :

संचालकज्यूहरु :

| | | |
|---|---|---|
| १. | श्री विश्व प्रकाश साख: | अध्यक्ष |
| २. | श्री पशुपति भक्त श्रेष्ठ | संचालक |
| ३. | श्री दिलिप कुमार मुनंकमी | संचालक |
| ४. | श्री जेनी जोशी | संचालक |
| ५. | प्रा.डा.श्री सुशिल भक्त माथेमा | स्वतन्त्र संचालक |

पर्यवेक्षकहरु

| | | |
|---|---|---|
| १. | उपस्थित नभएको | कम्पनी रजिट्रारको कार्यालय |

पदाधिकारीहरु

| | | |
|---|---|---|
| १. | श्री सरोज काजी तुलाधर | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री स्वयम्भू शाक्य | कम्पनी सचिव |
| ३. | श्री पारस नरसिंह प्रधान | कार्यकारी प्रवन्धक |
| ४. | श्री विदुर लुइटेल | वाह्यि लेखा परिक्षक |

**सभामा शेयरधनीहरुको प्रतिनिधित्व :**

उदघोषक कम्पनी सचिवले सत्ताईसौं बार्षिक साधारण सभा शुरु गर्न लागेको जानकारी दिदैं शेयरधनी महानूभावहरुलाई सभा भवन भित्र आई आ–आफनो आसन ग्रहण गरि दिनु हुन अनुरोध गर्नु भएपछि यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री विश्व प्रकाश साख:ज्यूको अध्यक्षतामा सभा संचालन गर्न जानकारी दिए पश्चात अध्यक्षज्यूको आज्ञानुसार कम्पनी सचिवले कम्पनी ऐन बमोजिम सहभागी स्वयम् उपस्थित र प्रोक्सी समेत गरि जम्मा ६५ प्रतिशत शेयरधनी महानूभावहरुको प्रतिनिधित्व समेत भईसकेकोले गणपुरक संख्या पूरा भई आजको सत्ताईसौं बार्षिकसाधारण सभा सु–सम्पन्न गर्नको लागि सभाका अध्यक्ष महोदयलाई हार्दिक अनुरोध गर्नु भएपछि दिनको ११:३० बजे यस वित्तीय संस्थाको सत्ताईसौं बार्षिक साधारण सभाको कार्यक्रम आरम्भ भयो ।

**अध्यक्षज्यूबाट संचालक समितिको बार्षिक प्रतिवेदन**

सभामा अध्यक्षज्यूले संचालक समितिको तर्फबाट आ.ब. २०७७/०७८ को बार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । बार्षिक प्रतिवेदन प्रस्तुत गरी सकेपछि छलफलका लागि अध्यक्ष महोदयले आव्हान गर्नु भए अनुसार विद्युतिय माध्यमबाट अभौतिक (**Zoom Meeting**) मा श्री लवराज जोशी र भौतिक रुपमा शत्रुघन श्रेष्ठले कम्पनीले प्रगति गर्दै आइरहेको र अझ प्रगतिको कामना गर्नु भएको थियो ।

**अध्यक्षज्यूको प्रतिउत्तर**

अध्यक्षज्यूले शेयर धनीहरुले व्यक्त गर्नु भएको मन्तव्य प्रति धन्यवाद दिनुभयो ।

**निर्णयहरु**

१. सत्ताईसौं बार्षिक साधारण सभाका लागि निर्धारित छलफलका विषयसूची अनुसार विस्तृत छलफल पछि सर्वप्रथम अध्यक्ष महोदयले सभामा संचालक समितीको प्रतिवेदन अनुमोदनको लागि प्रस्ताव राख्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात तथा आ.ब. ०७७/७८ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण स्वीकृती गरी दिने प्रस्तावमा छलफल पश्चात सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. आ.ब.०७८/७९ को लागि लेखापरिक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सम्बन्धमा लेखापरिक्षण समितिको निर्णयानुसार श्री बि आर एस न्यौपाने एण्ड कम्पनीको पाटर्नर ज्ञानेन्द्र बहादुर भारीलाई नियुक्ती गर्ने र निजको पारिश्रमिकको हकमा रु.२,२५,०००। (अक्षेरुपी दुई लाख पच्चिस हजार रुपैया) र भ्याट समेत दिनका लागि सिफारिस गरेकोमा सभामा छलफल हुँदा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४) संचालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पूँजीको कर सहितको प्रति शेयर नगद लाभाशं ३.९% (तीन दशमलव नौ) प्रतिशतका दरले हुने रु. ३,३८,२०,८००।०० (अक्षरेपी तीन करोड अठ्तीस लाख बीस हजार आठ सय रुपैया मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव माथि छलफल हुदाँ सभाले सर्वसम्मानितबाट पारित गर्ने निणर्य गरियो ।

**विशेष प्रस्ताव**

१) सञ्चालक समितिले सिफारिस गरे बमोजिम ९.१ % (नौ दशमलव एक) प्रतिशतका दरले हुने रु. ७,८९,१५,२००।०० (अक्षरेपी सात करोड उनानब्वे लाख पन्ध हजार दुई सय रुपैया मात्र) बोनस शेयर वितरण गर्ने विशेष प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२) वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी संशोधन गर्ने विशेष प्रस्ताव अन्तर्गत छलफल गर्दा संस्थाको जारी तथा चुक्ता पूँजी रु ८६,७२,००,०००।०० (अक्षरेपी छयासी करोड बहत्तर लाख रुपैया) मा ९.१ (नौ दशमलव एक) प्रतिशतका दरले हुन आउने बोनश शेयर बापतको रु. ७,८९,१५,२००।०० (अक्षरेपी सात करोड उनानब्वे लाख पन्ध हजार दुई सय रुपैया मात्र) वितरण पश्चात कायम हुन आउने चुक्ता पूँजी रु. ९४,६१,१५,२००।०० (अक्षरेपी चौरानब्वे करोड एकसाठी लाख पन्ध हजार दुई सय रुपैया) कायम हुने गरी संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय

गरियो । यसरी जारी तथा चुक्ता पूँजी संशोधन गर्दा सम्बन्धित नियमन निकायबाट प्राप्त हुन आउने निर्देशन बमोजिम आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने गरी संस्थाको प्रवन्ध पत्रमा देहाय बमोजिम कायम हुने गरी संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मनितबाट निर्णय गरियो ।

प्रस्तावित प्रवन्ध-पत्र संशोधनको तीन महले

| दफा | साविकको व्यवस्था | दफा | | संशोधन औचित्य |
|---|---|---|---|---|
| ५ख | वित्तीय संस्थाले तत्काल जारी गर्ने शेयर पुंजी रु. ८६,७२,००,०००। (अक्षरेपी छयासी करोड बहत्तर लाख रुपैया मात्र) हुनेछ । | ५ख | वित्तीय संस्थाले तत्काल जारी गर्ने शेयर पुंजी रु. ९४,६१,१५,२००।०० (अक्षरेपी चौरानब्बे करोड एकसाठी लाख पन्ध्र हजार दुई सय रुपैया) हुनेछ । | बोनस शेयर वितरण पश्चात पूंजी बृद्धि भएकोले । |
| ५ग | वित्तीय संस्थाको तत्काल चुक्ता पुंजी रु. ८६,७२,००,०००। (अक्षरेपी छयासी करोड बहत्तर लाख रुपैया मात्र) हुनेछ । | ५ग | वित्तीय संस्थाको तत्काल चुक्ता पुंजी रु. ९४,६१,१५,२००।०० (अक्षरेपी चौरानब्बे करोड एकसाठी लाख पन्ध्र हजार दुई सय रुपैया) हुनेछ । | बोनस शेयर वितरण पश्चात पूंजी बृद्धि भएकोले । |

३) प्रवन्ध-पत्रमा पारित गरिएको संशोधन प्रस्तावमा नियमनकारी निकायबाट कुनै फेर बदल, थप घट गर्न निर्देशन वा सुझाब दिएमा सोहि बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने विशेष प्रस्ताव अन्तर्गत सभामा छलफल पश्चात संस्थाको प्रवन्ध पत्रमा संशोधन गर्दा सम्वन्धित नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाब प्राप्त भएमा सोही बमोजिम गर्ने गरी आवश्यक संशोधन गर्न कुनै पदाधिकारीलाई तोक्न सक्ने गरी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रत्यायोजित गर्ने सर्वसम्मतिवाट निर्णय गरीयो ।

४. विविध अन्तर्गत कुनै छलफल भएन ।

अन्तमा, यस वित्तीय संस्थाको २७ औं वार्षिक साधारण सभामा कम्पनीको प्रगति र हाल भैरहेको गतिविधि सम्बन्धमा संस्थाका प्रभुख कार्यकारी अधिकृत श्री सरोज काजी तुलाधरज्यूले आफनो धारणा व्यक्त गर्नु भए पश्चात सञ्चालक समितिका सदस्य प्रा. डा. श्री सुशिल भक्त माथेमाज्यूले धन्यवाद ज्ञापन गर्नु भएको थियो । आजको सभा बिर्सजन गर्दै अध्यक्ष महोदयले लामो समयसम्म धैर्यतापूर्वक साधारण सभामा सहभागी भएर संचालक समितिले पेश गरेको प्रस्तावहरु पारित गरिदिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदै सभा सफलतापूर्वक सु-सम्पन्न गर्न सबै पक्षहरुबाट सहयोग प्राप्त भएकोमा सबै प्रति आभार व्यक्त गर्दै सत्ताईसौं बार्षिक साधारण सभा विर्सजन गर्नु भयो ।

विश्व प्रकाश साख:
अध्यक्ष

स्वयम्भू शाक्य
(कम्पनी सचिव)